जिल्ला प्रशासन कार्यालय काठमाडौं

ईजलाश

प्रमुख जिल्ला अधिकारी **बसन्त राज गौतम**

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.११/९६(हातहतियार)

दर्ता मिति :– २०६९/०२/३२

मुद्दा :– **हातहतियार खरखजाना**।

निर्णय नं.७२७, मिति :– २०७१/०६/३०

| **वादी** | **प्रतिवादी** |
|---|---|
| लागु औषध नियन्त्रण कानून कार्यान्वयन इकाई नयाँवानेश्वरको पत्र जाहेरीले **नेपाल सरकार**.......... .........१ | मैते सुनारको छोरा जि.बाके, सितापुर गा.वि.स. वडा नं.२ घर भई हाल का.जि. इचगुंनारायण-४ बस्ने वर्ष २९ को अमृत सुनार... ................ १ |
| निजको प्रमाण.................................. | निजको प्रमाण ................................................................ |
| साक्षी ............. | साक्षी ............................................................................ |
| कागज.......................................... | कागज ........................................................................... |

**यस कार्यालयबाट बुझेको**

प्रमाण...........................................

साक्षीः-

कागजः

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

मुद्दा :- **हातहतियार खरखजाना।**

**केशको संक्षिप्त व्यहोराः-**

(१) जिल्ला वाके सितापुर तर्फ र घर वताउने अमृत सुनार भन्ने व्यक्तिले लागु औषध खैरो हेरोइन खरिद संकलन गरी विक्री वितरण समेत गर्ने गरेको भन्ने सूचना अनुसार मिति २०६८।१२।६ गते निजलाई फेला पारी निजको कोठा तलासी गर्दा राइफलको गोली राउण्ड २, एस एम जि को गोली राउण्ड ४ समेत फेला पारी वरामद गरिएको हुदा हतियार खरखजाना मुद्दामा समेत कानून वमोजिम गरी पाउ भन्ने लागु औषध नियन्त्रण कानून कार्यान्वयन इकाई नयाँवानेश्वरको पत्र सहितको खानतलासी एवं वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन।

(२) मेरो चिनजानका लाल भन्ने मुसलमान मिति २०६८।१२।५ गते काठमाण्डौ आई लागु औषध सँगै, गोली राउण्ड ६ पनि राखी दिनु भनी दिएका हुदा सो गोलीहरु मैले आफ्नो डेरा कोठामा लगी राखी दिएकोमा ऐ.६ गतेका दिन प्रहरीले मेरो कोठा खानतलासी गर्दा उक्त गोलीहरु फेला पारी वरामद गरेका हुन, लाल भन्ने मुसलमानले उक्त गोलीहरु को काहाबाट ल्याएका हुन सो थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी अमृत सुनारले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान कागज।

(३) मिति २०६८।१२।६ गते अमृत सुनारको डेरा कोठाबाट गोली समेत वरामद भनी थाहा पाएको हुँ भन्ने समेत व्यहोराको बुझिएका मानिस सुजन श्रेष्ठले गरेको कागज।

(४) प्रतिवादी अमृत सुनारको साथबाट वरामद भई आएको गोली हालसम्म चालु हालतमा रहेको भन्ने समेत व्यहोराको गोली परीक्षण गरिएको भन्ने परीक्षण प्रतिवेदन।

(५) वरामदी मुचुल्का,प्रतिवादीले अनुसन्धानका क्रममा गरेको वयान कागजात समेतका कागजातहरुका आधारमा प्रतिवादी अमृत सुनारले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२)विपरितको कसुर गरेको हुँदा सोही

कसुर अपराधमा निज प्रतिवादीलाई ऐ. ऐनको दफा २०(३) बमोजिम सजाय गरी ऐ.दफा १६ बमोजिम उक्त बरामदी गोलीहरु जफत हुन समेतको मागदावी लिई अभियोग-पत्र पेश भएको ।

(६) म शसस्त्रको प्रहरी भएको हुदा हतियार चलाउन आउछ । गोली मेरो कोठाबाट वरामद भएको हो । उक्त गोलीहरु कहिले काही गोली हराउने हुदा सो अवस्थामा पूर्ति गर्नको लागि जम्मा गरी राखेको हो । उक्त गोलीहरु म वाके शमशेरगन्जमा अप्रेशनमा गएको अवस्थामा वचाएर ल्याएको हो । त्यती वेला २/४ गोलीको हिसाव किताव हुदैनथ्यो । त्यसैले मैले ल्याई राखेको हो भन्ने समेत व्यहोराको प्रतिवादी अमृत सुनारले यस कार्यालयमा गरेको वयान ।

(७) यसमा प्रतिवादी अमृत सुनारले गोली आफ्नो साथबाट वरामद भएको कुरा स्वीकारी वयान गरेको देखिदा पछि मुद्दा किनारा भएका वखत ठहरे बमोजिम हुने नै हुदा हाल हातहतियार खरखजाना ऐन,२०१९ को दफा २४(क) बमोजिम थुनामा राखी मुद्दाको पूपर्क्ष गर्नु भन्ने यस कार्यालयको मिति २०६९।३।७ को थुनछेक आदेश ।

## यस कार्यालयको ठहर

नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०६८।१२।६ गतेका दिन काठमाण्डौं जिल्ला, इचगुंनारायण गा.वि.स.वडा नं. ४ स्थित प्रतिवादीको डेरा कोठा भित्रबाट राइफलको गोली राउण्ड २, एस एम जी को गोली राउण्ड ४ समेत फेला परेकोले प्रतिवादी अमृत सुनारलाई **हातहतियार खरखजाना ऐन**,२०१९ को दफा ३(२) विपरितको कसूरमा ऐ. दफा २०(३) बमोजिम सजाँय गरी वरामद गोलीहरु ऐ.दफा १६ वमोजिम जफत गरी पाउँ भन्ने अभियोग माग दावी भएकोमा प्रतिवादीले अभियोग माग दावी वमोजिम कसूर गरेका हुन होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

प्रतिवादी अमृत सुनारका तर्फबाट उपस्थित विद्धान अधिवक्ता कृष्णप्रसाद सुवेदीले गर्नु भएको बहस सुनी अव मिसिल अध्ययन गरी निर्णय तर्फ विचार गर्दा मिति २०६८/१२/०६ गते काठमाण्डौं जिल्ला, इचगुंनारायण गा.वि.स.वडा नं. ४ स्थित प्रतिवादीको डेरा कोठा भित्रबाट राइफलको गोली राउण्ड २ र एस एम जि को गोली राउण्ड ४ वरामद भएको खानतलासी वरामदी मुचुल्का भई सो मुचुल्कामा यी प्रतिवादी रोहवरमा बसी सहीछाप गरेको देखिन्छ । अनुसन्धानको क्रममा यी प्रतिवादीले आफु शसस्त्र प्रहरी वलमा शसस्त्र प्रहरी हवल्दार पदमा कार्यरत रहेको र गोली हराएमा तिर्नु पर्ने हुदा आफु पछि फायरिङ्गमा जादा हराएमा गोली तिर्न बुझाउन काम लाग्छ भनी एस एल आर गोली राउण्ड २, एस एम जी गोली राउण्ड ४ डेराकोठामा ल्याई राखेको हुँ भनी खुलाई यस कार्यालयमा गरेको वयानमा अन्य व्यक्तिले गोलीहरु राख्न दिएकाले राखी दिएको हुँ भनी खुलाई आफ्नो डेरा कोठाबाट गोली वरामद भएको तथ्यमा सावित रहेको देखिन्छ । उल्लेखित गोलीहरु एस एल आर र एस एम जि को गोली भएको भन्ने परिक्षण प्रतिवेदन मिसिल संलग्न देखिदा प्रतिवादी अमृत सुनारको कोठाबाट गोली राउण्ड ६ बारमद भएको तथ्यमा विवाद रहेन । अतः कुनै पनि प्रकारले आफ्नो साथमा रहेको गोली सम्वन्धित कार्यालय, निकायमा पेश दाखिला नगरी साथमा राखेको भन्ने मिसिल संलग्न कागजातहरुबाट पुष्टि हुन आएकोले प्रतिवादी अमृत सुनारले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) विपरित विना लाइसेन्स खरखजाना लिई बोकी हिडेको र साथमा राखेको कसूर गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादी अमृत सुनारलाई ऐ. दफा २०(३) बमोजिम २( दुई) वर्ष ६(छ) महिना कैद हुन्छ । वरामद भई आएको गोली राउण्ड ६, ऐ.दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी मु.ऐ.अ.वं.१८६ नं.बमोजिम प्रस्तुत मुद्दा फैसला गरी दिएँ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी अमृत सुनारलाई २(दुई) वर्ष ६(छ) महिना कैद हुने ठहरेकोले प्रतिवादी अमृत सुनार मिति २०६८।१२।६ गते पक्राउ परी सोही मितिबाट हिरासतमा रही हालसम्म मुद्दा पूर्पक्षका लागि थुनामा बसेको देखिंदा निज पक्राउ परेको मिति देखि गणना हुने गरी प्रतिवादी अमृत सुनारलाई नियमानुसार कैदीपूर्जि दिनू ..........................................................................१

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु........................................................................२

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेद गर्न जानु भनी प्रतिवादी अमृत सुनारलाई ७० (सत्तरी) दिने पुनरावेदन म्याद दिनू................................................. ३

जिल्ला सरकारी वकिल कार्यालय,काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू .................... ..........४

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू........५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ........................................................................६

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम लेख्ने
ना.सु.परशुराम थापा

...................................
(**बसन्त राज गौतम**)
प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७१ साल आश्विन ३० गते रोज ५ शुभम् .......................